# नयाँ विश्वासीहरूका
# लागि
# सरल सत्यहरू

(प्रश्नहरू र उत्तरहरू)

दोस्रो संस्करण

भाग २.०

## आमुख

धेरै वर्षहरूदेखि परमेश्वरका मानिसहरूले नयाँ विश्वासीहरूका लागि अति महत्त्वपूर्ण सत्यहरू सिकाउनको निम्ति प्रश्नोत्तरहरूको संग्रहहरू प्रयोग गरेका छन् । यो पुस्तकले येशूलाई पछ्याउने यिनै नयाँ पुस्तालाई यी महत्त्वपूर्ण तथ्यहरू उपलब्ध गराउँछ ।

यस पुस्तकमा जम्मा १४४ प्रश्नहरू र उत्तरहरू छन् । प्रत्येक प्रश्नको लगत्तैपछि उत्तरहरू दिइएका छन् । हरेक उत्तरपछि बाइबलका खण्डहरू दिइएका छन् । हरेक बाइबल खण्डमा पुस्तकको नाउँ, (जस्तैः उत्पत्ति) पुस्तकको नाउँपछि अध्याय हुनेछ (जस्तैः अध्याय ३) यसरी, उत्पत्ति अध्याय २ त्यसको ३ पदलाई यसरी लेखिएको हुनेछः उत्पत्ति २:३ ।

**यस पुस्तक यहाँबाट लिइएको होः**
www.clearandsimplemedia.org

**यो पुस्तकको विद्युतीय संस्करण पाउनको लागि, यहाँ जानुहोस्:**
www .asimpleword.org

**अनुवादक:**
www.christian-translation.com

कुनै उत्तरहरूमा वाक्यको अंशहरू मात्र सामेल हुनेछन् (जस्तैः प्रश्न ४)।

## भाग एक

## परमेश्वर र मानिस

## प्रश्नहरू १ देखि २६

## भाग दुई

## पाप* र व्यवस्था८

## प्रश्नहरू २७ देखि ६२

## भाग तीन

## ख्रीष्ट र उद्धार*

## प्रश्नहरू ६३ देखि ९०

## भाग चार

## आत्मा र मण्डली

## प्रश्नहरू ९१ देखि ११७

## भाग पाँच

## प्रार्थना र आशा

## प्रश्नहरू ११८ देखि १४४

जब तपाईंले* चिन्ह देख्नुहुन्छ, यो चिन्हसहितको शब्दलाई पुस्तकको अन्तमा भएको शब्द सूचीमा पाइनेछ भन्ने बुझाउनेछ ।

# भाग १

# परमेश्वर र मानिस

प्र.१. तपाईंलाई कसले बनायो ?

उत्तरः मलाई परमेश्वरले बनाउनुभयो ।

उत्पत्ति १:२६–२७; उत्पत्ति २:७; प्रेरित १७:२६

प्र.२ परमेश्वरले अरू कुन थोकहरू बनाउनुभयो?

उत्तरः परमेश्वरले सबै थोकहरू बनाउनुभयो ।

उत्पत्ति १:३१; भजनसंग्रह ३३:६–९; कलस्सी १:१६–१७

प्र.३ परमेश्वरले तपाईं र अरू सबै थोकहरूलाई किन बनाउनुभयो?

उत्तर. परमेश्वरले आफ्नै महिमाको* खातिर मलाई र अन्य सबै थोकहरूलाई बनाउनुभयो ।

भजनसंग्रह १९:१; यशैया ४३:७; १ कोरिन्थी १०:३१

प्र.४ तपाईंले परमेश्वरलाई कसरी महिमा* दिन सक्नुहुन्छ?

उत्तर. म परमेश्वरलाई प्रेम गरेर, उहाँको आज्ञापालन गरेर साथै उहाँले गर्नुभएका आज्ञा पालन गरेर उहाँलाई महिमा* दिन सक्छु ।

मत्ती ५:१६; यूहन्ना १४:२१; १ यूहन्ना ५:३

प्रश्न.५ तपाईंले परमेश्वरलाई किन महिमा* दिनुपर्छ ?

उत्तर. किनकि उहाँले मलाई बनाउनुभयो र मेरो वास्ता गर्नुहुन्छ ।

भजन १४५:९; १ पत्रुस ५:७; प्रकाश ४:११

प्र. ६ देवीदेवताहरू कति वटा छन्?

उत्तरः ईश्वर एक मात्र छन् ।

व्यवस्था ६:४; यशैया ४५:५; यर्मिया १०:१०

प्रश्न.७ अस्तित्वमा हुनुभएका यो एउटा परमेश्वरमा कति वटा व्यक्तित्वहरू हुनुहुन्छ ?

उत्तरः परमेश्वर तीन व्यक्तित्वमा अस्तित्वमा हुनुहुन्छ ।

मत्ती ३:१६–१७; यूहन्ना ५:२३; यूहन्ना १०:३०; यूहन्ना १५:२६

प्र. ८ उहाँहरू को हुनुहुन्छ ?

उत्तर. पिता, पुत्र र पवित्र आत्मा* ।

मत्ती २८:१९; २ कोरिन्थी १३:१४; १ पत्रुस १:२

प्रश्न. ९ परमेश्वर को हुनुहुन्छ ?

उत्तर. परमेश्वर आत्मा* हुनुहुन्छ । मानिसजस्तै उहाँको शरीर छैन ।

यूहन्ना ४:२४; २ कोरिन्थी ३:१७; १ तिमोथी १:१७

प्र. १० के परमेश्वरको कुनै सुरुवात थियो?

उत्तरः थिएन, उहाँ सधैंदेखि हुनुहुन्छ र सधैंको लागि हुनुहुनेछ ।

प्रस्थान ३:१४; भजन ९०:२; यशैया ४०:२८

प्र. ११ के परमेश्वर कहिल्यै परिवर्तन हुनुहुन्छ?

उत्तरः हुनुहुन्न, परमेश्वर सधैंभरि एकैनाशको हुनुहुन्छ ।

भजनसंग्रह १०२:२६–२७; मलाकी ३:६; हिब्रू १३:८

प्र. १२ परमेश्वर कहाँ हुनुहुन्छ?

उत्तरः परमेश्वर सर्वत्र हुनुहुन्छ ।

भजनसंग्रह १३९:७–१२; यर्मिया २३:२३–२४; प्रेरित १७:२७–२८

प्र. १३ के तपाईंले परमेश्वरलाई देख्न सक्नुहुन्छ?

उत्तरः अहँ, म परमेश्वरलाई देख्न सक्दिनँ तर उहाँले भने मलाई सधैं देख्नुहुन्छ।

भजनसंग्रह ३३:१३–१५; हितोपदेश ५:२१; यूहन्ना १:१८; १ तिमोथी १:१७

प्र. १४ के परमेश्वरलाई सबै कुराको ज्ञान छ?

उत्तरः हो, परमेश्वरलाई सबै कुराको ज्ञान छ। म उहाँदेखि कुनै पनि कुरा लुकाउन सक्दिनँ।

१ शमूएल २:३; हितोपदेश १५:३; हिब्रू ४:१३

प्र. १५ के परमेश्वरले सबै कुरा गर्न सक्नुहुन्छ?

उत्तरः हो, उहाँले चाहनुभएको सबै थोक पवित्र* गर्न उहाँ सक्नुहुन्छ।

यशैया ४६:९–१०; दानिएल ४:३४–३५; एफिसी १:११

प्र. १६ परमेश्वरलाई कसरी चिन्ने, कसरी भरोसा राख्ने, कसरी प्रेम गर्ने र उहाँको आज्ञापालन कसरी गर्ने भन्ने कुरा म कहाँ सिक्न सक्छु?

उत्तरः परमेश्वरलाई कसरी चिन्ने, कसरी भरोसा राख्ने, कसरी प्रेम गर्ने र उहाँको आज्ञापालन कसरी गर्ने भन्ने कुरा उहाँले हामीलाई उहाँको वचन, बाइबलमा देखाउनुभएको छ।

भजनसंग्रह ११९:१०४–१०५; यूहन्ना २०:३०–३१; २ तिमोथी ३:१५

प्र. १७ बाइबलले हामीलाई के सिकाउँछ ?

उत्तरः बाइबलले मलाई परमेश्वर बारे सत्यताहरू र येशू ख्रीष्टद्वारा संसारलाई बचाउने उहाँको योजना बारेमा सिकाउँछ। अनि यसले मेरो बारेमा भएको सत्यता पनि मलाई सिकाउँछ।

भजनसंग्रह ११९:१५९–१६०; यूहन्ना १७:१७; २ तिमोथी ३:१४–१७

प्र. १८ बाइबल कसले लेखेको हो?

उत्तरः पवित्र आत्माले* अगुवाइ गर्दै र सिकाउनु भएर मानिसहरूले लेखेका थिए।

२ पत्रुस १:२०–२१; २ पत्रुस ३:१५–१६

प्र. १९ हाम्रा पहिलो अभिभावक को थिए?

उत्तरः आदम र हव्वा

उत्पत्ति ३:२०; उत्पत्ति ५:१–२

प्र. २० परमेश्वरले हाम्रो पहिलो अभिभावकलाई कसरी बनाउनुभएको थियो ?

उत्तरः परमेश्वरले आदमको देहलाई जमिनको धुलोबाट बनाउनुभयो । उहाँले हव्वालाई आदमको शरीरबाट बनाउनुभयो ।

उत्पत्ति २:७; उत्पत्ति २:२१–२३; उत्पत्ति ३:१९; भजनसंग्रह १०३:१४

प्र. २१ परमेश्वरले बनाउनुभएका बाँकी सबै थोकहरूदेखि आदम र हव्वा कसरी बेग्लै थिए ?

उत्तरः परमेश्वरले आदम र हव्वालाई आफ्नै स्वरूपमा बनाउनुभएको थियो ।

उत्पत्ति १:२६–२७

प्र. २२ परमेश्वरको स्वरूपलाई आदम र हव्वामा हामीले कसरी देख्न सक्छौं ?

उत्तरः परमेश्वरले ती दुईलाई आफ्नो सृष्टिमाथि शासन गर्ने अधिकार दिनुभयो । तिनीहरूले सत्यलाई बुझ्न सक्थे । तिनीहरूले सहि कुरोलाई प्रेम गर्न सक्थे । तिनीहरू सुन्दर थोकमा रमाउन सक्थे । तिनीहरूले परमेश्वरलाई प्रसन्न पार्ने सबै काम गर्न सक्थे । तिनीहरू आपसमा र परमेश्वरसित कुराकानी गर्न सक्थे ।

उत्पत्ति १:२६–२७; २:७–९; भजनसंग्रह १४७: १०–११; फिलिप्पी ४:८

प्र. २३ परमेश्वरले आदम र हव्वालाई देह बाहेक अरू कुनकुन कुराहरू दिनुभयो?

उत्तरः परमेश्वरले तिनीहरूलाई कहिल्यै नाश नहुने प्राणहरू दिनुभयो ।

उत्पत्ति २:७; व्यवस्था ६:५; उपदेशक १२:७, मत्ती १६:२६

प्र. २४ के तपाईंसँग दुवै प्राण* र शरीर छन् ?

उत्तरः हो, मसँग कहिल्यै नमर्ने प्राण छ ।

जकरिया १२:१; प्रेरित ७:५९; २ कोरिन्थी ५:८

प्र. २५ परमेश्वरले आदम र हव्वालाई बनाइसक्नुभएपछि तिनीहरू कस्ता थिए ?

उत्तरः परमेश्वरले तिनीहरूलाई पवित्र* र खुसी बनाउनुभएको थियो। परमेश्वरले तिनीहरूका लागि भनी बनाउनुभएको बगैचामा तिनीहरू बस्थे।

उत्पत्ति १:२६–२८; उत्पत्ति २:१५–१७; उत्पत्ति २:२५; भजनसंग्रह ८:४–८

प्र. २६ परमेश्वरले आदम र हव्वाबाट कुन कुराको माग गर्नुभयो?

उत्तरः तिनीहरूबाट पूर्ण भरोसा र आज्ञा पालनको माग परमेश्वरले राख्नुभयो।

उत्पत्ति २:१५–१७, भजनसंग्रह ८:४–८

# भाग दुई
# पाप र व्यवस्था

प्र. २७ के आदम र हव्वाले परमेश्वरको आज्ञा पालन गरी पवित्र र खुसी रहे?

उत्तरः अँहँ, तिनीहरूले आज्ञा पालन गरेनन् । तिनीहरूले परमेश्वर विरुद्ध पाप गर्न रोजे ।

उत्पत्ति ३:६–८

प्र. २८ पाप के हो?

उत्तरः परमेश्वरले अह्राउनुभएको कुरा नगर्नु नै पाप हो । साथै परमेश्वरले नगर्नू भन्नुभएको कुरो गर्नु नै पाप हो ।

रोमी १:३२; याकूब २:१०–११; ४:१७, १ यूहन्ना ३:४

प्र. २९ प्रत्येक पापको* परिणाम के हुन्छ ?

उत्तरः प्रत्येक पापको* परिणाम परमेश्वरको क्रोध र दण्ड हुन्छ ।

व्यवस्था २७:२६; रोमी १:१८; रोमी ६:२३; एफिसी ५:६

प्र ३० हाम्रो पहिलो पुर्खाले कुन पाप गरेका थिए?

उत्तरः तिनीहरूले परमेश्वरले नखानू भन्नुभएको फल खाएका थिए ।

उत्पत्ति २:१६–१७; उत्पत्ति ३:६

प्र. ३१ कसले तिनीहरूलाई पाप* गर्न उक्साएको थियो ?

उत्तरः शैतानले हव्वालाई छल गर्‍यो र तिनले आदमलाई त्यो फल दिइन् ।

उत्पत्ति ३:१–५; यूहन्ना ८:४४; २ कोरिन्थी ११:३; प्रकाश १२:९

प्र. ३२ हाम्रा प्रथम अभिभावकले पाप गरेपछि संसारको कस्तो दुर्गति भयो ?

उत्तरः परमेश्वरले जमिनलाई श्राप दिनुभयो । अनि परमेश्वरले चेतावनी दिनुभएजस्तै संसारमा मृत्युले प्रवेश गर्‍यो ।

उत्पत्ति २:१५–१७; उत्पत्ति ३:१६–१७

प्र. ३३ पाप गरिसकेपछि हाम्रा प्रथम अभिभावकहरूको जीवनमा के कस्ता कुराहरू हुन आए?

उत्तरः परमेश्वरले आदम र हव्वालाई बगैचादेखि बाहिर निकालिदिनुभयो । तिनीहरू अब उसो पवित्र र खुसी थिएनन् । यसको साटो तिनीहरू दोष, लाज र भयजस्ता पापहरूले भरिए ।

उत्पत्ति ३:८–१३; १६–१९; २३

प्र. ३४ किनभने आदमले पाप गरे, उनीपछि आउने प्रत्येक व्यक्तिमा कस्तो किसिमको प्रभाव पार्‍यो ?

उत्तरः आदम र हव्वापछि जन्मिएका हरेक व्यक्ति पापमा* नै जन्मिएको थियो ।

भजनसंग्रह ५१:५; रोमी ५:१८–१९; १ कोरिन्थी १५:२१–२२

प्र. ३५ के परमेश्वरले संसारलाई श्रापमुनि रहन दिनुभयो? के उहाँले मानिसहरूलाई तिनीहरूका पापमै रहन दिनुभयो?

उत्तरः दिनुभएन, परमेश्वरले तिनीहरूलाई बचाउन छनोट गर्नुभयो । परमेश्वरले प्रतिज्ञा गर्नुभएको उद्धारकर्ता* पठाउनुभयो ।

मत्ती १:२१; यूहन्ना ३:१६–१७; १ यूहन्ना ४:१४

प्र. ३६ करार* के हो ?

उत्तरः दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीचको गम्भीर वाचा नै करार हो ।

प्र. ३७ परमेश्वरले इस्राएलीहरूसँग* कस्तो करारहरू बाँध्नुभयो?

परमेश्वरले अब्राहामको परिवारलाई एउटा ठूलो जाति बनाउनेछु भनि प्रतिज्ञा गर्नुभयो । अब्राहामद्वारा नै सबै जातिहरूलाई आशिष् दिनेछु भनी उहाँले प्रतिज्ञा गर्नुभयो ।

परमेश्वरले मोशालाई व्यवस्था दिनुभयो । तिनीहरूले उहाँको आज्ञा पालन गरे र उहाँले दिनुभएका व्यवस्थालाई माने । उहाँ मोशासँग रहने र इस्राएलीहरूलाई आशिष् दिनुहुने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले दाऊदलाई तिनका छोराहरूमध्ये एक जना सदाको निम्ति राजा भई शासन गर्नुहुने प्रतिज्ञा गर्नुभयो । परमेश्वरले प्रतिज्ञा गर्नुभयो, तिनले एक दिन एउटा नयाँ करारको स्थापना गर्नेछन् । उहाँले मानिसहरूको पाप क्षमा गर्नुहुनेछ र तिनीहरूको हृदय परिवर्तन गर्नुहुने प्रतिज्ञा पनि गर्नुभयो ।

उत्पत्ति १२:१–३; उत्पत्ति १५; प्रस्थान २४:३–७; २ शमूएल ७:१६; यर्मिया ३१:३१–३४

दश आज्ञाहरू

प्र. ३८ दश आज्ञाहरू के हुन्?

परमेश्वरले इस्राएलीहरूका* लागि भनी दिनुभएको वचनहरू नै दश आज्ञाहरू हुन् । परमेश्वर स्वयंमले ती दश आज्ञाहरूलाई ढुङ्गाका दुई पाटीहरूमा लेख्नुभएको थियो ।

प्रस्थान ३१:१८; व्यवस्था ९:१०

प्र. ३९ ती दश आज्ञाहरू के–के हुन्?

मेरो सामने अरू कुनै देवी देवताहरूलाई नमान्नू ।

आफुले पुज्नको* निम्ति कुनै प्रतिमाहरू* नबनाउनू ।

परमप्रभु*, तिम्रो परमेश्वरको नाऊँ व्यर्थमै नलिनू ।

शबाथ* दिनको पालन  र यसलाई पवित्र राख्नेकु रो सधैं याद राख्नू ।

आफ्ना बुबा–आमा को आज्ञापालन* गर्नू ।

कसैको हत्या नगर्नू ।

व्यभिचार* नगर्नू ।

चोरी नगर्नू ।

आफ्नो छिमेकी विरुद्ध झुटो गवाही नदिनू ।

अन्य कसै सँग भएका कुराहरूको लालच नगर्नू ।

प्रस्थान २०:१–१७

प्र. ४० पहिलो आज्ञा के हो?

उत्तरः पहिलो आज्ञाचाहिँ: कुनै देवी देवताहरूलाई मभन्दा अघि नराख्नू ।

प्रस्थान २०:३; यशैया ४५:५–६

प्र. ४१ पहिलो आज्ञाले हामीलाई के सिकाउँछ ?

पहिलो आज्ञाले हामीलाई केवल परमप्रभु परमेश्वरको मात्र आराधना* गर्न सिकाउँछ ।

भजनसंग्रह ४४:२०–२१; मत्ती ४:१०; प्रकाश २२:८–९

प्र. ४२ दोश्रो आज्ञा के हो ?

उत्तरः दोश्रो आज्ञाले भन्छः आफूले पूज्नको* निम्ति कुनै प्रतिमाहरू* नबनाउनू ।

प्रस्थान २०:४–६; व्यवस्था ५:८–१०

प्र. ४३ दोश्रो आज्ञाले के सिकाउँछ ?

उत्तरः दोश्रो आज्ञाले हामीलाई कुनै पराई देवी देवतालाई नपूज्न सिकाउँछ ।

यशैया ४४:१०–११; यशैया ४६:५–९; प्रेरित १७:२९

प्र ४४ तेश्रो आज्ञाले के भन्छ ?

उत्तरः तेश्रो आज्ञाले भन्छः परमप्रभु, तिम्रो परमेश्वरको नाऊँ व्यर्थमै नलिनू ।

प्रस्थान  २०:७; व्यवस्था ५:११

प्र. ४५ तेश्रो आज्ञाले के सिकाउँछ?

उत्तरः तेश्रो आज्ञाले हामीलाई परमेश्वरको नाउँ उहाँको अनादर* हुने किसिमले नलिन सिकाउँछ ।

यशैया ८:१३; भजनसंग्रह १३८:२; प्रकाश १५:३–४

प्र. ४६ चौथो आज्ञा के हो?

उत्तरः चौथो आज्ञाले भन्छः शबाथ दिनको पालन र यसलाई पवित्र राख्ने कुरो सधैं याद राख्नू ।

प्रस्थान २०:८–११; व्यवस्था ५:१२–१५

प्र. ४७ चौथो आज्ञाले के सिकाउँछ?

उत्तरः चौथो आज्ञाले हामीलाई विश्राम दिनमा, कार्य थलोमा र आराधनाको समयमा परमेश्वरको आदर* गर्न सिकाउँछ ।

प्रस्थान १६:२३; यशैया ५८:१३–१४

प्र. ४८ पाँचौ आज्ञा के हो?

उत्तरः पाँचौ आज्ञाले भन्छः आफ्ना बुबा–आमाको आदर* गर्नू ।

प्रस्थान २०:१२; व्यवस्था ५:१६

प्र. ४९ पाँचौ आज्ञाले के गर्न सिकाउँछ?

उत्तरः पाँचौ आज्ञाले हामीलाई बुबा आमालाई प्रेम गर्न र उहाँहरूको आज्ञा पालन गर्न सिकाउँछ।

हितोपदेश १:८; एफिसी ६:१–३; कलस्सी ३:२०

प्र. ५० छैठौं आज्ञाले के भन्छ?

उत्तरः छैठौं आज्ञाले भन्छः कसैको हत्या नगर्नू।

प्रस्थान २०:१३; व्यवस्था ५:१७

प्र. ५१ छैठौं आज्ञाले के सिकाउँछ?

उत्तरः छैठौं आज्ञाले कसैलाई घृणा नगर्न र कसैको प्राण नलिन सिकाउँछ।

उत्पत्ति ९:६; मत्ती ५:२१–२२; १ यूहन्ना ३:१५

प्र. ५२ सातौं आज्ञाले के भन्छ?

उत्तरः सातौं आज्ञाले भन्छः व्यभिचार* नगर।

प्रस्थान २०:१४; एफिसी ५:३–४

प्र. ५३ सातौं आज्ञाले के सिकाउँछ?

उत्तरः सातौं आज्ञाले आफ्नो पति वा पत्नीबाहेक अरू कुनै पराय व्यक्तिसँग यौन सम्बन्ध राख्नुहुँदैन भन्ने सिकाउँछ।

मत्ती ५:२७–२८ एफिसी ५:३–४

प्र. ५४ आठौं आज्ञाले के भन्छ ?

उत्तरः आठौं आज्ञाले भन्छः चोरी नगर।

प्रस्थान २३:३; व्यवस्था ५:१९

प्र. ५५ आठौं आज्ञाले के सिकाउँछ ?

उत्तरः आठौं आज्ञाले हामीले अरू सँग भएका थोकहरूको लोभ गर्नुहुँदैन भन्ने सिकाउँछ।

प्रस्थान २३:४; हितोपदेश २१:६–७; एफिसी ४:२८

प्र. ५६ नवौं आज्ञाले के भन्छ?

उत्तरः नवौं आज्ञाले भन्छः आफ्ना छिमेकी विरुद्ध झुटो गवाही नदिनू।

प्रस्थान २०:१६; व्यवस्था ५:२०

प्र. ५७ नवौं आज्ञाले के सिकाउँछ?

उत्तरः नवौं आज्ञाले हामीलाई इमान्दार बन्न र सधैं सत्य कुरा बोल्न सिकाउँछ।

भजन १५:१–३; हितोपदेश १२:१७; १कोरिन्थी १३:६

प्र. ५८ दशौं आज्ञाले के भन्छ?

उत्तरः दशौं आज्ञाले भन्छः छिमेकीसँग भएका कुनै कुराको लालच नगर्नू।

प्रस्थान २०:१७; व्यवस्था ५:२१

प्र. ५९ दशौं आज्ञाले के सिकाउँछ ?

उत्तरः दशौं आज्ञाले हामीलाई आफुसँग भएका कुराहरूसँग सन्तुष्ट* रहन सिकाउँछ।

फिलिप्पी ४:११; १ तिमोथी ६:६; हिब्रू १३:५

प्र ६० के परमेश्वरले मोशालाई दिनुभएको ब्यवस्थाहरू यहूदीहरूले पालन गरे ?

उत्तरः अँहँ। तिनीहरूले परमेश्वरको व्यवस्था भंग गरे र परमेश्वरको चेतावनी अनुरूप उहाँले तिनीहरूलाई दण्ड दिनुभयो।

व्यवस्था ९:१२; इजकिएल ३९:२३

प्र. ६१ के कुनै व्यक्तिले परमेश्वरका आज्ञाहरूलाई पूरा रीतिले पालन गर्न सक्छ?

उत्तरः आदमले परमेश्वरको आज्ञा उल्लङ्घन गरे। त्यो समयदेखि, पूरा रीतिले कुनै पनि मानिसले परमेश्वरका सबै आज्ञाहरू पालन गर्न सकेका छैन्न।

उपदेशक ७:२०; रोमी ३:२३; याकूब २:१०

प्र. ६२ दश आज्ञाहरूले हामीलाई के देखाउँछन्?

उत्तरः दश आज्ञाहरूले हामीलाई परमेश्वर पवित्र र भलो हुनहुन्छ भन्ने देखाउँछन् । तिनीहरूले हामी पापी छौं र हामी परमेश्वरको आज्ञाहरू पालन गर्दैनौं भन्ने देखाउँछन् । तिनीहरूले हामीलाई एक जना उद्धारकर्ताको खाँचो भएको देखाउँछन् ।

उपदेशक १२:१३; १तिमोथी १:८–९; रोमी ३:२०; ५:१३; ७:७–११; गलाती ३:१९–२४

# भाग तीन
# ख्रीष्ट अनि उद्धार*

प्र. ६३ उद्धारकर्ता* को हुनुहुन्छ ?

उत्तरः प्रभु येशू ख्रीष्ट नै पापीहरूका एक मात्र उद्धारकर्ता हुनुहुन्छ ।

लूका २:११; प्रेरित ४:११–१२; १ तिमोथी १:१५

प्र. ६४ येशू ख्रीष्ट को हुनुहुन्छ ?

उत्तर येशू ख्रीष्ट अन्नत* परमेश्वरका पुत्र हुनुहुन्छ ।

यूहन्ना १:१,१४,१८; यूहन्ना ३:१६,१८; गलाती ४:४; कलस्सी १:१५–१८; हिब्रू १:१–३; १यूहन्ना ५:२०

प्र.६५ परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा किन पठाउनुभयो ?

उत्तरः उहाँले आफ्नो पुत्रलाई पठाउनुभयो किनकि उहाँ कृपा र अनुग्रहको* परमेश्वर हुनुहुन्छ ।

भजन १०३:८११; यूहन्ना ३:१६१७; रोमी ५:७ ८; एफिसी २:४–५; १यूहन्ना ४:९–१०

प्र. ६६ के येशू दुवै मानिस र ईश्वर हुनुहुन्थ्यो ?

उत्तरः हो, येशू पूर्ण मानिस र पूर्ण इश्वर हुनुहुन्थ्यो ।

यूहन्ना १:१–३, १४; फिलिप्पी २:५–११; कलस्सी २:९; हिब्रू २:१४–१८

प्र. ६७ उद्धारकर्ता* येशूले के कस्ता कामहरू गर्नुभयो ?

उत्तरः उहाँले परमेश्वरको आज्ञालाई शिरोपर गर्दै पापीहरूका* खातिर दण्डलाई भोगिदिनुभयो ।

रोमी ८:३,४; फिलिप्पी २:७–८; हिब्रू ४:१५; हिब्रू ९:१४–१५

प्र. ६८ येशू किन मर्नुभयो?

उत्तरः पापी मानिसहरू मर्नुपर्ने स्थानमा मर्नुभएर येशूले परमेश्वरको क्रोधलाई हटाउनुभयो ।

मर्कूस १०:४५; २कोरिन्थी ५:१९–२१; गलाती ३:१३

प्र. ६९ पापी* मानिसहरूले भोग्नुपर्ने कष्ट अन्नत* ईश्वर पुत्रले कसरी भोग्नुभयो?

उत्तरः येशू, ईश्वर पुत्र, मानव बन्नुभयो ।

यूहन्ना १:१४; गलाती ४:४,५; कलस्सी २:९

प्र. ७० ईश्वर पुत्र कसरी एक जना मानव बन्नुभयो ?

उत्तरः उहाँ पवित्र आत्माद्वारा गर्भधारण* हुनुभई मरियमको कोखबाट जन्मनुभयो ।

यशैया ७:१४; मत्ती १:१८–२१

प्र. ७१ येशूले यस धर्तीमा कस्तो प्रकारको जीवन जिउनुभयो?

उत्तरः एउटा सरल, सम्मानजनक* र विनम्र जीवन जिउनुभयो ।

मत्ती ८:२०; मत्ती ११:२८–३०; लूका ४:१८–१९; २ कोरिन्थी ८:९; २ कोरिन्थी १०:१

प्र ७२ के प्रभु येशू ख्रीष्टले कहिल्यै पाप गर्नुभयो?

उत्तरः अहँ, उहाँ पवित्र र शुद्ध हुनुहुन्थ्यो ।

यूहन्ना ८:२९; २ कोरिन्थी ५:२१; हिब्रू ७:२६; १ पत्रुस २:२१–२३

प्र. ७३ येशू ख्रीष्टले कस्तो प्रकारको मृत्यु मर्नुभयो?

उत्तरः ख्रीष्ट क्रूसमा* मर्नुभयो ।

लूका २३:३३; गलाती ३:१३; फिलिप्पी २:८

प्र. ७४ के ख्रीष्ट मर्नुभएपछि चिहानमैं रहनुभयो ?

उत्तरः होइन, ख्रीष्ट मृत्युपछि तेस्रो दिनमा बौरनुभयो ।

मत्ती २८:५–७; लूका २४:५–८; रोमी ४:२५; १ कोरिन्थी १५:३,४

प्र. ७५ परमेश्वरले क–कसलाई पापको* परिणामदेखि बचाउनुहुनेछ ?

उत्तरः परमेश्वरले पापदेखि* पश्चात्ताप* गरी प्रभु येशूलाई विश्वास गर्नेहरूलाई बचाउनुहुनेछ ।

मर्कूस १:१४,१५; यूहन्ना ३:१६–१८; प्रेरित २०:२१

प्र ७६ पश्चात्ताप* गर्नु भनेको के हो?

उत्तरः पश्चात्ताप* गर्नुभनेको मैले गरेका पापको* लागि क्षमा माग्नु हो । अनि मेरो पापबाट* फर्किनु हो किनभने त्यसले परमेश्वरलाई चोट पुर्‍याउँछ ।

लूका १९:८–१०; २ कोरिन्थी ७ :९–१०; १ थेसलोनिकी १:९–१०

प्र. ७७ ख्रीष्टमा विश्वास* गर्नु वा राख्नुको अर्थ के हो?

उत्तरः ख्रीष्टमा विश्वास* राख्नु भनेको उहाँलाई विश्वास गर्नु भनेको हो । हामीलाई बचाउनको निम्ति हामी केवल उहाँमा भरोसा* राख्दछौं ।

यूहन्ना १४:६; प्रेरित ४:१२, १ तिमोथी २:५; १ यूहन्ना ५:११–१२

प्र. ७८ के तपाईं आफ्नै शक्तिले पश्चात्ताप* गर्न र ख्रीष्टमा विश्वास गर्न सक्नुहुन्छ ?

उत्तरः अहँ, मलाई पवित्र आत्माको* सहायता चाहिन्छ ।

१कोरिन्थी २:१४, यर्मिया १३:२३; यूहन्ना ३:५–६; यूहन्ना ६:४४

प्र. ७९ मानिसहरूले ख्रीष्टको बारे सत्यता कहाँ सुन्छन्?

उत्तरः सुसमाचारमा*, जसले सबै मानिसहरूलाई एक जना उद्धारकर्ता चिनाउँछ ।

मर्कूस १:१; प्रेरित १५:७; रोमी १:१६–१७

प्र. ८० हाम्रो लागि अहिले येशू ख्रीष्ट के बन्नुभएको छ ?

उत्तरः येशू ख्रीष्ट हाम्रो अगमवक्ता, पूजहारी र राजा बन्नुभएको छ ।

मत्ती १३:५७; यूहन्ना १८:३७; हिब्रू १:१–३; हिब्रू ५:५–६; प्रकाश १:५

प्र. ८१ येशू ख्रीष्ट कसरी अगमवक्ता* हुनुहुन्छ?

उत्तरः किनकि उहाँले हामीलाई परमेश्वर को हुनुहुन्छ भन्ने देखाउनुहुन्छ । अनि उहाँलाई कसरी प्रसन्न तुल्याउने भन्ने सिकाउनुहुन्छ ।

व्यवस्था १८:१८; यूहन्ना १:१८; यूहन्ना ४:२५–२६; प्रेरित ३:२२; १ यूहन्ना ५:२०

प्र. ८२ एक जना अगमवक्ताको* रूपमा हामीलाई ख्रीष्ट किन चाहिन्छ?

उत्तरः किनकि उहाँबिना परमेश्वरलाई हामीले चिन्न सक्दैनौं ।

मत्ती ११:२५–२६; यूहन्ना १७:२५–२६; १ कोरिन्थी २:१४–१६

प्र. ८३ येशू ख्रीष्ट कसरी पूजाहारी हुनुहुन्छ ?

उत्तरः उहाँ हाम्रो स्थानमा मर्नुभयो र हाम्रो पक्षमा परमेश्वरसित बोल्नुहुन्छ ।

भजनसंग्रह ११०:४; हिब्रू ४:१४–१६; हिब्रू ७:२४–२५; १ यूहन्ना २:१–२

प्र. ८४ हामीलाई पूजहारीको रूपमा ख्रीष्ट किन चाहिन्छ?

उत्तरः किनकि हाम्रो पापले हामीलाई दोषी र शर्ममा तुल्याएको छ ।

हितोपदेश २०:९; उपदेशक ७:२०; यशैया ५३:६; रोमी ३:१०–१२; रोमी ३:२३; याकूब २:१०

प्र. ८५ येशू ख्रीष्ट कसरी राजा हुनुहुन्छ ?

उत्तरः उहाँले हाम्रो जीवनमा राज्य गर्नुहुन्छ र हाम्रो प्रतिरक्षा गर्नुहुन्छ ।

भजनसंग्रह २:६–९; एफिसी १:१९–२३; प्रकाश १५:३–४

प्र. ८६ हामीलाई राजाको रूपमा येशू किन चाहिन्छ?

उत्तरः किनकि हामी दुर्बल र भयभीत छौं ।

२ कोरिन्थी १२:९–१०; फिलिप्पी४:१३; कलस्सी १:११–१३; हिब्रू १३:५–६; २ तिमोथी १:१२

प्र. ८७ येशूमा विश्वास गरेपछि हामीले कस्ता आशिषहरू* प्राप्त गर्छौं?

उत्तरः उहाँले हामीलाई क्षमा* गर्नुहुन्छ र उहाँले हामीलाई धर्मी* घोषित गर्नुहुन्छ।

परमेश्वरले उहाँको प्रिय छोराछारीको रूपमा हामीलाई उहाँको परिवारमा स्वीकार गर्नुहुन्छ।

परमेश्वरले हामीलाई हृदयमा* र व्यवहारमा पवित्र* बनाउनुहुन्छ।

उहाँको पुनरुत्थानमा* परमेश्वरले हाम्रो शरीर र प्राणलाई* सिद्ध तुल्याउनुभएको छ।

रोमी ५:१८; गलाती ४:४–६; एफिसी १:५; हिब्रू १०:१०–१४; १ यूहन्ना ३:२

प्र. ८८ के मेरो आफ्नै असल व्यवहारको कारणले परमेश्वरले मलाई यी आशिषहरू* दिनुहुन्छ ?

उत्तरः होइन, परमेश्वरले यी आशिषहरू* उहाँको अनुग्रहको* कारणले दिनुहुन्छ। न त म यसको योग्य छु न यसलाई म कमाउन नै सक्छु।

यशैया ६४:६; एफिसी २:८–९; तीतस ३:४–७

प्र. ८९ साँचो पश्चात्ताप गर्ने* र विश्वास गर्ने व्यक्तिबाट के परमेश्वरले कहिल्यै आशिषहरू* हटाउनुहुनेछ ?

उत्तरः अहँ, उहाँले बचाउनुहुन्छ भनी भरोसा गर्नेहरूलाई येशूले कहिल्यै त्याग्नुहुन्न।

यूहन्ना १०:२७–३०; रोमी ८:३८–३९; फिलिप्पी १:६; १ पत्रुस १:३–५

प्र. ९० परमेश्वरको अनुग्रह* के हो?

उत्तरः परमेश्वरको अनुग्रह* भनेको हामीप्रति रहेको उहाँको प्रेम र भलाइ हो, जसलाई प्राप्त गर्न हामी योग्यका छैनौं।

प्रस्थान ३४:६; एफिसी १:७–८; २ कोरिन्थी८:९

# भाग चार
# आत्मा अनि मण्डली

प्र. ९१. येशूलाई उद्धारकर्ताको रूपमा विश्वास गर्ने सबैबाट परमेश्वरले कुन कुराको इच्छा गर्नुहुन्छ ?

उत्तरः उहाँले तिनीहरू सबैबाट हृदय र व्यवहारमा पवित्रता चाहनुहुन्छ । तिनीहरू सबै येशूजस्तै भएको उहाँ चाहनुहुन्छ ।

एफिसी १:४; १ पत्रुस १:१५; २ कोरिन्थी ७:१

प्र ९२ परमेश्वरले हामीलाई हृदय* र व्यवहारमा कसरी पवित्र* बनाउनुहुन्छ?

उत्तरः परमेश्वरले हामीलाई एउटा नयाँ हृदय* दिनुहुन्छ । अनि उहाँले हामीलाई पवित्र आत्मा दिनुहुन्छ ।

इजकिएल ३६:२६; रोमी ८:१–१४; गलाती ५:२२–२६; एफिसी १:१३

प्र. ९३ पवित्र आत्मा* को हुनुहुन्छ?

उत्तरः पवित्र आत्मा* परमेश्वर हुनुहुन्छ । परमेश्वर पिता र परमेश्वर पुत्रले पवित्र आत्मा* पठाउनुभयो ।

मत्ती २८:१९; यूहन्ना १४:२६; यूहन्ना १५:२६; २ कोरिन्थी १३:१४

प्र. ९४ पवित्र आत्मा अहिले हाम्रो को बन्नुभएको छ ?

उत्तरः पवित्र आत्मा येशूमा विश्वास गर्ने हामीहरू सबैका लागि शान्तिदाता, सहायक र मार्गदर्शक हुनुहुन्छ ।

यूहन्ना १६:७–८, १२–१५; रोमी ८:१४–१६; १ कोरिन्थी ६:१९; एफिसी १:१४

प्र. ९५ पवित्र आत्माले मलाई पवित्र बनाउँदै हुनुहुन्छ भनेर कसरी जान्न सक्छु ?

उत्तरः म मेरो उद्धारकर्ता, येशू ख्रीष्टजस्तै बनिँदै जानेछु । मेरो हृदय र व्यवहारमा मैले आत्माको फल देख्नेछु ।

कलस्सी १:९–१२; एफिसी ३:१६

प्र ९६ आत्माका फलहरू के के हुन् ?

उत्तरः आत्माका फलहरू प्रेम, आनन्द, शान्ति, धिरज, दया, भलाइ, विश्वस्तता, नम्रता संयम हुन ।

गलाती ५:२२–२३

प्र. ९७ येशूको पछि लाग्दा के हाम्रो सधैं उन्नति हुन्छ ?

उत्तरः हुँदैन । कहिलेकाहीँ म कष्टहरूमा पनि पर्न सक्नेछु । येशूलाई जस्तै कहिलेकाहीँ मलाई पनि कष्ट हुन सक्छ र मानिसहरूले मलाई घृणा गर्न सक्नेछन् ।

यूहन्ना १५:१८–१९; २ तिमोथी ३:१२; रोमी ८:२३–२५; याकूब १:२–४; १ पत्रुस ४:१२–१३

प्र. ९८ परमेश्वरले संकष्टको समयमा तपाईंलाई कसरी मद्दत गर्नुभएको छ ?

उत्तरः मलाई सान्त्वना दिन उहाँले पवित्र आत्मा दिनुहुन्छ । मेरो देखभाल गर्न उहाँले मलाई मण्डली दिनुहुन्छ । मेरो भलाइ र उहाँको महिमाको निम्ति सबै थोकमा काम गर्ने उहाँले मलाई प्रतिज्ञा दिनुहुन्छ ।

रोमी ५:३–५; रोमी ८:१८; १ थेसलोनिकी ५:११; १ पत्रुस४:१२–१९; १ पत्रुस ५:१०

प्र. ९९ विश्वव्यापी मण्डली* के हो?

उत्तरः विश्वव्यापी मण्डली* परमेश्वरका सबै उद्धार* पाएकाहरूबाट बनेको हुन्छ । मण्डली* परमेश्वर पिताको परिवार हो । यो पुत्र ख्रीष्टको देह हो । यो पवित्र* आत्मा* बास गर्नुहुने स्थान हो ।

१ कोरिन्थी १२:२७, एफिसी ३:१४–१५, एफिसी ५:२३, कलस्सी १:२४, हिब्रू २:११

प्र. १०० स्थानीय मण्डली* के हो?

उत्तरः येशू ख्रीष्टमा विश्वास गर्ने र उहाँको शिक्षालाई पालन गर्नेहरूको समूह नै स्थानीय मण्डली* हो । तिनीहरू संगै आराधना गर्छन । तिनीहरू संगै वचन सुन्छन् र सिक्छन् । तिनीहरू एकअर्कालाई र एकअर्काद्वारा वास्ता गरिन्छन् । तिनीहरू परमेश्वरको राज्य* वृद्धि भएको हेर्नको निम्ति संगै प्रार्थना र कार्यहरू गर्ने गर्छन । तिनीहरूले विश्वासीहरूलाई बप्तिस्मा दिन्छन् र प्रभुभोज संगै खान्छन् ।

मत्ती २८:१९–२०; प्रेरित २:४१–४२; प्रेरित ८:३६–३९; प्रेरित १४:३२; रोमी ६:१–५; १ कोरिन्थी ११:२३–२६; तीतस १:५

प्र. १०१ के तपाईं स्थानीय मण्डलीको एउटा हिस्सा बन्नुपर्छ ?

उत्तरः हो, स्थानीय मण्डली एउटा यस्तो समुदाय हो, जसले विश्वासमा हुर्कन र वृद्धि हुनको लागि मलाई सहायता गर्छ । यहीँ नै म येशूको नयाँ आज्ञालाई पालन गर्न सिक्छु ।

हिब्रू १०:२४–२५

प्र. १०२ येशूले मण्डलीलाई दिनुभएको नयाँ आज्ञा के हो ?

उत्तरः येशूले भन्नुभयो, एकआपसमा प्रेम गर। जसरी मैले तिमीलाई प्रेम गरें, त्यसरी तिमीले एकअर्कालाई प्रेम गर्नुपर्छ।

यूहन्ना १३:३४

प्र. १०३ हामीले यो प्रेम अरूलाई कसरी देखाउन सक्छौं ?

उत्तरः अरूप्रति दयालु बन्दा, एक अर्काको लागि प्रार्थना गर्दा र क्षमा गर्दा हामीले यो प्रेम देखाउन सक्छौं। हामीले एक अर्कालाई आदर* गर्दा, मद्दत पुर्‍याउँदा र उत्साहित गर्दा यो प्रेम देखाउन सक्छौं। एकअर्कासंग सत्य बोल्दा र अरूहरूको खाँचोलाई आफूभन्दा पहिले राख्दा हामीले यो प्रेम देखाउँछौं।

रोमी १२:१०; एफिसी ४:३२; कलस्सी ३:९,१३; १ थेसलोनिकी ४:१८; याकूब ५:१६

प्र. १०४ बप्तिस्मा* के हो?

बप्तिस्मा* भएको बेला मण्डलीको* अगुवाले बप्तिस्मा लिने व्यक्तिलाई केही समयको निम्ति पानीमुनि डुबाउँछ। त्यसको लगत्तै त्यस व्यक्तिलाई पानी बाहिर निकालिन्छ। यसलाई पिता, पुत्र र पवित्र आत्माको* नाउँमा गरिन्छ।

मत्ती ३:६,१६; मर्कूस १:५; प्रेरित ८:१२

प्र १०५ कसको बप्तिस्मा* हुन सक्छ ?

उत्तरः बप्तिस्मा* आफ्ना पापहरूदेखि* पश्चात्ताप* गर्ने प्रत्येकको लागि हो। यो उद्धारको* निम्ति ख्रीष्टमा विश्वास गर्ने सबैको लागि हो।

प्रेरित २:३८,३९; प्रेरित ८:३६–३७; प्रेरित १६:३०–३३

प्र. १०६ बप्तिस्माको* अर्थ के हो?

उत्तरः बप्तिस्मा* विश्वासीहरूको* ख्रीष्ट येशूसितको मृत्यु, दफन र बौरिउठाइमा हुने एकताको चिन्ह हो। म उहाँको मण्डलीको अंग हुँ भन्ने दर्शाउँछ।

प्रेरित १६:३० ३३; रोमी ६:३–५; कलस्सी २:१२

प्र. १०७ आफ्नो निम्ति येशूको मृत्यु बारे विश्वासीहरूले कसरी एकअर्कालाई याद गराउँदछन्?

उत्तरः हामी प्रभुभोजको बेला यसलाई एकआपसमा बाँडने गर्छौं।

मर्कूस १४:२२–२४, १ कोरिन्थी ११:२३–२९

प्र. १०८ प्रभुभोज* के हो?

उत्तरः प्रभु* भोजमा हामी रोटी खान्छौं र कचौरा पिउँछौं। यो हामी येशू ख्रीष्टको मृत्यु सम्झना गर्नको लागि गर्ने गर्छौं।

मर्कूस १४:२२–२४; १ कोरिन्थी ११:२३–२९

प्र. १०९ रोटीले के बुझाउँछ ?

उत्तरः तोडिएको रोटीले येशूको तोडिएको देहलाई बताउँछ। उहाँ हाम्रो पापहरूको निम्ति एकैचोटि मर्नुभयो।

मत्ती २६:२६; १ कोरिन्थी ११:२४

प्र. ११० कचौराले के बुझाउँछ?

उत्तरः कचौराले ख्रीष्टको देहलाई बुझाउँछ। उहाँले हाम्रो उद्धारको* लागि एकैचोटि रगत बगाउनुभयो।

मत्ती २६:२७–२७; १ कोरिन्थी ११:२५; हिब्रू ९:२६–२८

प्र. १११ प्रभु भोज* कसले खानु पर्छ ?

उत्तरः प्रभु भोज आफ्ना पापदेखि* पश्चात्ताप* गर्ने प्रत्येकको निम्ति हो। यो उद्धारको* निम्ति ख्रीष्टमा विश्वास गर्ने सबैको निम्ति हो।

१ कोरिन्थी १०:१६,१७; १ कोरिन्थी ११:१८–२९

प्र. ११२ मण्डलीलाई* बप्तिस्मा र प्रभुको* भोज कसले दियो?

उत्तरः प्रभु* येशू ख्रीष्टले।

मत्ती २६:२६–२९; मत्ती२८:१८–२०

प्र. ११३ येशूले मण्डलीलाई बप्तिस्मा* र प्रभुको* भोज किन दिनुभयो ?

उत्तरः येशूले उहाँका मानिसहरू उहाँका आफ्नै हुन् भन्ने देखाउनलाई यी विधिहरू दिनुभयो। यी विधिहरूले येशूले हाम्रो जीवनमा के गरिदिनुभएको छ भन्ने सम्झना गराउँछ।

मत्ती २८:१९; रोमी ६:१–५; १ कोरिन्थी ११:२३–२६

प्र. ११४ आफ्नो मण्डलीको लागि ख्रीष्टको अन्तिम आज्ञा के थियो ?

उत्तरः स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसैकारण जाओ अनि चेलाहरू* बनाओ । पिता, पुत्र र पवित्र आत्माको* नाउँमा बप्तिस्मा देओ । मैले जे आज्ञा तिमीहरूलाई दिएँ तिनीहरूलाई पालन गर्न सिकाओ । म तिमीहरूसंग यगको अन्तसम्म रहनेछु भनी निश्चिन्त रहो।

मत्ती २८:१८–२०

प्र. ११५ प्रभुको* दिन के हो?

हप्ताको पहिलो दिन नै प्रभुको* पहिलो दिन हो। सुरुका इसाईहरू आराधना* गर्न यसै दिनमा जम्मा हुने गर्थे।

प्रेरित २०:७; १ कोरिन्थी १६:२; प्रकाश १:१०

प्र. ११६ किन यसलाई प्रभुको दिन भनियो ?

उत्तरः किनकि यही दिन ख्रीष्ट बौरिउठनुभएको थियो।

मत्ती २८:१–६; लूका २४:१–६; यूहन्ना २०:१

प्र. ११७ हामीले कसरी सबैभन्दा उत्तम तरिकाले प्रभुको* दिनलाई मनाउन सक्छौं ?

उत्तरः हामी प्रभुका* छोराछोरीहरूसँग भेला भएर आराधना* गर्दै र एकाअर्कालाई हाम्रो विश्वासमा उत्साह* दिँदै प्रभुको दिनलाई मनाउन सक्छौं।

भजनसंग्रह २७:४; रोमी १२:९– १३; कलस्सी ३:१६

# भाग पाँच
# प्रार्थना र आशा

प्र. ११८ प्रार्थना के हो ?

उत्तरः प्रार्थना परमेश्वरसित बातचित गर्नु हो । हामी उहाँको भलाइको निम्ति उहाँलाई धन्यवाद चढाउँछौ । हामी आफ्ना पापहरू स्वीकार गर्छौं । उहाँलाई प्रसन्न पार्ने कुराहरू हामी उहाँसँग माग्छौं ।

मत्ती ६:६; फिलिप्पी ४:६, १ यूहन्ना ५:१४

प्र. ११९ हामीले कसको नाउँमा प्रार्थना गर्नुपर्छ?

उत्तरः हामीले येशूको नाउँमा प्रार्थना गर्नुपर्छ ।

यूहन्ना १४:१३; यूहन्ना १६:२३

प्र १२० कहिले र कहाँ हामीले प्रार्थना गर्नुपर्छ ?

उत्तरः हामीले कुनै पनि ठाउँ वा कुनै पनि समय प्रार्थना गर्न सक्छौं ।

मत्ती ६:६; एफिसी ६:१८; प्रेरित २१:५; कलस्सी ४:२

प्र. १२१ येशूले हामीलाई प्रार्थना गर्न सिकाउँदै गर्नुहुँदा कुन कुरा दिनुभयो?

येशूले प्रभुको ८ प्रार्थनालाई दिनुभयो ।

मत्ती ६:९–१५; लूका ११:२–४

प्र. १२२ प्रभुको* प्रार्थना कस्तो छ ?

हे हाम्रा स्वर्गमा* हुनु हुने परमेश्वर पिता

तपाईंको नाउँ पवित्र* होस

तपाईंको राज्य* आओस

तपाईंको इच्छा जस्तो स्वर्गमा* छ

त्यस्तै यस पृथ्वीमा पूरा होस्

हामीलाई आज हाम्रो दैनिक भोजन दिनूहोस्

हाम्रा अपराधहरू* क्षमा* गर्नुहोस, जसरी हामीले हाम्रा अपराधीहरूलाई क्षमा गरेका छौं।

हामीलाई परिक्षामा पर्न नदिनुहोस्

तर दुष्टबाट* छुटाउनुहोस्

मत्ती ६:९–१३

प्र. १२३ प्रभुको* प्रार्थनामा कति वटा बिन्तीहरू छन्?

उत्तरः ६ वटा बिन्तीहरू छन्।

प्र. १२४ पहिलो बिन्ती के हो ?

"तपाईंको नाउँ पवित्र गरिओस"।

मत्ती ६:९ लूका ११:२

प्र. १२५ पहिलो बिन्तीमा हामी केको लागि प्रार्थना गर्छौं ?

उत्तरः सबै मानिसले उहाँको नाउँको प्रशंसा गरून् भनी हामी प्रार्थना गर्छौं।

भजनसंग्रह ८:१–२; ७२:१८–१९; ११३:१–३

प्र. १२६ दोस्रो बिन्ती के हो ?

"तपाईंको राज्य* आओस।"

मत्ती ६:१०; लूका ११:२

प्र. १२७ दोस्रो बिन्तीमा हामी केको लागि प्रार्थना गर्छौं?

उत्तरः दोस्रो बिन्तीमा हामी संसारका सबै मानिसले सुसन्देश सुनून् र विश्वास गरून भनी प्रार्थना गर्छौं। तिनीहरू सबैले येशूलाई प्रभु भनी मानून् भनी प्रार्थना गर्छौं।

यूहन्ना १७२०–२१; प्रेरित ८:१२; प्रेरित २८:३०–३१; प्रकाश ११:१५

प्र. १२८ तेस्रो बिन्ती के हो ?

उत्तर "तपाईंको इच्छा जस्तो स्वर्गमा छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् ।"

मत्ती ६:१०

प्र. १२९ तेस्रो बिन्तीमा हामी केको लागि प्रार्थना गर्छौं?

हामी प्रार्थना गर्छौं कि स्वर्गमा* स्वर्गदूतहरूले* गरे जस्तै यस पृथ्वीका मानिसहरूले सबै कुरा परमेश्वरले चाहनुभए अनुसार गर्न सकून् ।

भजनसंग्रह १०३:१९–२२; १४३:१०

प्र. १३० चौथो बिन्ती के होः

उत्तरः "हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् ।"

मत्ती ६:११; लूका ११:३

प्र. १३१ चौथो बिन्तीमा हामी केको लागि प्रार्थना गर्छौं ?

उत्तरः हामी प्रार्थना गर्छौं कि हाम्रो शरीरको निम्ति आवश्यक सबै थोकहरू प्रभुले दिनुहुनेछ ।

भजनसंग्रह १४५:१५–१६; हितोपदेश ३०:८–९; मत्ती ६:३१–३३

प्र. १३२ पाँचौं बिन्ती के हो ?

उत्तरः "हाम्रा अपराधहरू* क्षमा गर्नुहोस, जसरी हामीले हाम्रा अपराधीहरूलाई क्षमा गरेका छौं ।"

मत्ती ६:१२; लूका ११:४

प्र. १३३ पाँचौं बिन्तीमा हामी केको लागि प्रार्थना गर्छौं ?

उत्तरः परमेश्वरले हाम्रा अपराधहरू* क्षमा* गरून् भनी हामी प्रार्थना गर्छौं । साथै परमेश्वरले हामीलाई हाम्रो विरुद्धमा अपराध गर्नेहरूलाई क्षमा गर्न हामीलाई सहायता गरून् भनी प्रार्थना गर्छौं ।

भजनसंग्रह ५१:२–३; मत्ती ५:२३–२४; एफिसी ४:३२

प्र. १३४ छैठौं बिन्ती के हो?

उत्तरः हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर दुष्टबाट* छुटाउनुहोस् ।

मत्ती ६:१३; लूका ११:४

प्र. १३५ छैठौं बिन्तीमा हामीले केको लागि प्रार्थना गर्छौं ?

उत्तरः परमेश्वरले हामीलाई परीक्षामा पर्न नदिनुभएको होस् भनी हामी प्रार्थना गर्छौं ।

भजनसंग्रह ११९:११; १ कोरिन्थी १०:१३; २ तिमोथी ४:१८

प्र. १३६ प्रार्थनाले हामीलाई के सिकाउँछ?

उत्तरः प्रार्थनाले हामीलाई परमेश्वरको सहायताको निम्ति उहाँमा पूर्णरूपले भरोसा गर्नुपर्छ भनी सिकाउँछ ।

एफिसी ६:१८; फिलिप्पी ४:६; हिब्रू ४:१६

प्र. १३७ ख्रीष्ट अहिले कहाँ हुनुहुन्छ ?

उत्तरः ख्रीष्ट अहिले स्वर्गमा* हुनुहुन्छ र पिता परमेश्वरको दाहिने हातमा विराजमान हुनुहुन्छ ।

मर्कूस १६:१९; प्रेरित ५:३१; रोमी ८:३४

प्र. १३८ के ख्रीष्ट फेरि यस धर्तीमा आउनुहुनेछ ?

उत्तरः हो, उहाँ अन्तको दिनमा संसारका सबै मानिसहरूका न्यायकर्ता भएर आउनुहुनेछ । अनि उहाँलाई पर्खिरहेकाहरूलाई उहाँले बचाउनुहुनेछ ।

मत्ती २५:३१–३२; २ थेसलोनिकी १:७–९; २ तिमोथी ४:१; हिब्रू ९:२८

प्र. १३९ धर्मीजनलाई*८ मृत्युमा के हुन्छ?

उत्तरः धर्मीजनका* शरीरहरू धुलोमै फर्कनेछ । तिनीहरूका प्राण* प्रभु* संग रहनको लागि जानेछ ।

उत्पत्ति ३:१९; उपदेशक १२:७; २ कोरिन्थी ५:८

प्र. १४० दुष्ट जनको मृत्युमा के हुन्छ?

उत्तरः दुष्ट जनका शरीरहरू धुलोमै फर्कनेछ । तिनका प्राणहरूले दण्ड पाउने छन् । तिनीहरूलाई परमेश्वरले न्यायको दिनसम्म राख्नुहुनेछ ।

लूका १६:२३–२४; यूहन्ना ५:२८–२९; २ पत्रुस २:९

प्र. १४१ के मृतकहरू फेरि जीवित तुल्याइनेछन् ।

उत्तरः हो, ख्रीष्ट आउनुहुँदा सबै मृतक आत्माहरूलाई उठाइनेछ ।

दानिएल १२:२; यूहन्ना ५:२८–२९; प्रेरित २४:१४–१५

प्र. १४२ न्याय गर्न ख्रीष्ट आउनुहुने दिनमा दुष्टहरूलाई के हुनेछ ?

उत्तरः परमेश्वरले नरकमा कहिल्यै अन्त नहुने विनाशद्वारा तिनीहरूलाई दण्ड दिनुहुनेछ । तिनीहरू सधैंको निम्ति परमेश्वरको उपस्थितिदेखि फ्याँकिने छन् ।

मत्ती २५:४१,४६ मर्कूस ९:४७,४८; लूका १२:५; लूका १६:२३–२६; २ थेसलोनिकी १:९; प्रकाश २०:१२–१५

प्र. १४३ धर्मीजनहरूलाई* के हुनेछ?

उत्तरः धर्मीजनहरू* परमेश्वरसंग संधैको लागि खुसी साथ रहने छन् । तिनीहरू संधैभरिको लागि नयाँ स्वर्ग* र नयाँ पृथ्वीमा बस्नेछन् ।

यशैया ६६:२२–२३, २ पत्रुस ३:१३, प्रकाश २१:२–४

प्र. १४४ नयाँ स्वर्ग र नयाँ पृथ्वी कस्तो हुनेछ ?

उत्तरः नयाँ स्वर्ग र नयाँ पृथ्वीमा हामी परमेश्वरसंग हुनेछौं । हामीले फेरि पाप कहिल्यै पाप गर्नेछैनौं । हामी कहिल्यै मर्नेछैनौं । त्यहाँ श्राप हुनेछैन । त्यहाँ फेरि उदासी र पीड़ा हुने छैन । हामी फेरि दोषी, भयभित, लज्जित हुनेछैनौं । हामीले परमेश्वरबाटको आनन्द अनभव गर्नेछौं ।

हिब्रू १२:२२–२३; यहूदा २४; प्रकाश २१:१–५; प्रकाश २२:१–४

# शब्द सूची

| शब्द | व्याख्या |
| --- | --- |
| गोद लिनु | गोद लिनु एउटा कानुनी कार्य हो, जसले कुनै एक व्यक्तिलाई अर्को व्यक्तिको परिवारमा ल्याउँछ। त्यो व्यक्तिलाई अब आफ्नै सन्तानजस्तै हुर्काउने काम गरिन्छ। यसभन्दा अघि हामी सबै परमेश्वरदेखि बिरानो र उहाँका बैरी थियौं भने अहिले परमेश्वरले हामीलाई उहाँका आफ्नै प्रिय सन्तान भनी पुकार्नुभएको छ। |
| व्यभिचार | व्यभिचार भनेको आफ्नै पत्नी वा पति बाहेक अन्य कुनै व्यक्तिसंग यौन सम्बन्ध राख्नु हो। |
| स्वर्गदूत | स्वर्गदूत परमेश्वरको सन्देश ल्याउने उहाँका सेवक हुन्। स्वर्गदूत एक आत्मा* हुन्। स्वर्गदूतले परमेश्वरको बारे सुखद कुरा भन्छन्। स्वर्गदूतले परमेश्वरको चाहना अनुरूप काम गर्छन्। स्वर्गदूतले परमेश्वरका परिवारमा भएकाहरूका लागि भलो कार्य गर्छन। एक खराब स्वर्गदूतले शैतानको* लागि काम गर्छ। |
| बप्तिस्मा/बप्तिस्मा दिनु | मण्डलीको* अगुवाले केही समयको लागि बप्तिस्मा लिन लागेको व्यक्तिलाई पानीमा डुबाउँछ। त्यसपछि उसलाई पानीदेखि बाहिर निकालिन्छ। यसरी नै ख्रीष्टले हामीलाई शुद्ध पार्नुभएको छ भन्ने हामीले देखाउँछौं। हामीले यसरी नै प्रत्येक व्यक्तिलाई हामी मण्डलीको* हिस्सा भएको पनि देखाउँछौं। हामी बप्तिस्मा लिँदा यसले बलिदान हुनुभएको येशूको सम्झना गराउँछ। मानिसहरूले उहाँलाई चिहानमा राखे। तर उहाँ मृत्युदेखि बौरिउठनुभयो। |
| विश्वासी | विश्वासी त्यो व्यक्ति हो, जसले ख्रीष्टलाई जान्दछ र उहाँमा भरोसा राख्छ। |
| आशिषहरू | परमेश्वरले हाम्रो लागि गरिदिनु हुने भलाइका कार्यहरू नै आशिषहरू हुन्। परमेश्वरलाई आशिषको निम्ति प्रार्थना गर्दा हामीले उहाँलाई सहायताको निम्ति र हाम्रो जीवनमा असल काम गर्नको निम्ति बिन्ती गर्छौं। |
| गर्भधारण गर्नु | त्यो समय जब आमाको गर्भमा बच्चाले नयाँ जीवन जिउन सुरु गर्छ। |
| सन्तुष्टि | सन्तुष्ट रहनु भनेका आफूसित भएका थोकहरूसंग खुसी रहनु हो। हामीसँग भएका थोकहरू आफ्नो निम्ति यथेस्ट छ भनी जान्नु। |
| मण्डली | मण्डली एउटा यस्तो मानिसहरूको समूह हो, जसले येशू ख्रीष्टको बारे विश्वास गर्छन् र पछ्याउँछन्। तिनीहरू एकआपसमा भेला हुने गर्छन्। तिनीहरूले विश्वासीहरूलाई* बप्तिस्मा* दिन्छन्। तिनी प्रभुभोज खान्छन्। तिनीहरू येशूको शिक्षा पालन गर्छन्। |
| क्रूस | क्रूस दुई काठका टुक्राहरूलाई जोडेर बनाइएको हुन्छ। जब येशू यस संसारमा जिउनुभयो, मानिसहरूले अपराधीहरूलाई मार्नको लागि क्रूसमा टाँग्थे। येशू क्रूसमा मर्नुभयो। |
| श्राप | यस्तो शक्तिशाली वचन, जसले कुनै व्यक्तिमा वा वस्तुमा बिगार वा दण्ड ल्याउनु सक्छ। |

| | |
|---|---|
| दुष्ट आत्मा | दुष्ट आत्माको अर्को नाउँ शैतान* हो । खराब दूतहरू* मध्ये शैतान सबैभन्दा दुष्ट छ (हेर्नुहोस् स्वर्गदूत) । |
| चेला | चेला त्यो व्यक्ति हो जसले कुनै अर्को व्यक्तिको अनुशरण गर्छ र उसबाट सिक्छ । येशूमा विश्वास गर्ने व्यक्ति । येशूले सिकाउनुभएको कुरालाई पछ्याउने व्यक्ति । |
| अनन्त | सधैं अस्तित्वमा रहिरहेको र पछि पनि यसरी नै रहिरहने वस्तुलाई अनन्त भनिन्छ । सुरुवात र अन्त नभएको कुनै वस्तुलाई अनन्त भनिन्छ । |
| विश्वास | कुनै व्यक्ति वा वस्तुमा आस्था राख्नु नै विश्वास हो । परमेश्वरमा भरोसा गर्नु र आस्था राख्नु । हामीले परमेश्वरलाई देख्न नसके पनि उहाँ वास्तविक हुनुहुन्छ भनी जान्नु । |
| क्षमा | आफू विरुद्ध गरेको नराम्रो कुराको सम्झना नराखी कसैलाई प्रेम देखाउनुलाई नै क्षमा दिनु भनिन्छ । परमेश्वरले हामीलाई क्षमा दिनुहुँदा हामीले उहाँ विरुद्ध गरेका गलत कुराहरूको उहाँले सम्झना राख्नुहुन्न । |
| महिमा | परमेश्वरको महिमा त्यो सबै थोक हो, जसले कुनै प्रतापि राजाजस्तै उहाँलाई सुन्दर र महान् तुल्याउँछ । |
| अनुग्रह | अनुग्रह परमेश्वरको त्यो वरदान हो, जसलाई हामीले गरेका सबै खराबीहरूका कारण हामीले प्राप्त गर्न सक्दैन थियौं । त्यही अनुग्रह, जो उहाँ दयालु हुनुभएको कारण हामीलाई उहाँले दिनुहुन्छ । क्षमादान* र सहायता परमेश्वरबाट आउँछ । |
| हृदय | मानिसको सबैभन्दा महत्त्वपूर्ण हिस्सा नै हृदय हो । एक जना व्यक्तिको त्यो हिस्सा, जसले अनुभव गर्छ, विचार गर्छ र निर्णय गर्छ । |
| स्वर्ग | परमेश्वर र ख्रीष्ट बस्नुहुने ठाउँ नै स्वर्ग हो । परमेश्वर त्यहाँ बास गर्नुहुन्छ र शासन गर्नुहुन्छ । परमेश्वर र येशरुलाई वास्तवमै चिन्ने मानिसहरू मरेपछि जाने स्थान स्वर्ग हो । मानिसहरू सधैं खुसी हुने र समस्या नहुने स्थान हो । परमेश्वरलाई चिन्ने मानिसहरूका भविष्यको घर नयाँ स्वर्ग र नयाँ पृथ्वी हो । |
| नरक | परमेश्वरले दुष्टहरूलाई आफूदेखि अलग गर्न बनाउनुभएको स्थान नरक हो । दुष्टहरूलाई मृत्युपछि दण्ड दिइने स्थान नरक हो । |
| पवित्र | पवित्र हुनु भनेको परमेश्वरको कार्यको निम्ति अलग गरिनु हो । यो परमेश्वरजस्तै हुनु हो । ईश्वरीय हुनु हो । हामी पवित्र हुँदा पापरहित हुन्छौं । हामी परमेश्वर अघि शुद्ध हुन्छौं । |
| पवित्र आत्मा | येशूले मानिसलाई मद्दत गर्न पठाउनुभएको परमेश्वरको आत्मा (हेर्नुहोस् आत्मा) हो । परमेश्वरको अर्को नाउँ पवित्र आत्मा हो । उहाँलाई परमेश्वरको आत्मा लगायत, ख्रीष्टको आत्मा र सहायता गर्नुहुने आत्मा पनि भनिन्छ । पवित्र आत्मा एउटै व्यक्ति हुनुभए पनि हामी मानवजस्तै भने हुनुहुन्न । उहाँ परमेश्वर हुनुहुन्छ, जो परमेश्वर पिता र परमेश्वर पुत्र बराबरीको हुनुहुन्छ (त्रिएक परमेश्वरलाई हेर्नुहोस) । उहाँले यस संसारका मानिसहरू माझ परमेश्वरले गर्नुहुने कार्यहरू गर्नुहुन्छ । कसैले पवित्र आत्मालाई देखेको छैन तर उहाँ येशूलाई चिन्नेहरूभित्र र सँग उहाँ बस्नुहुन्छ । |
| सम्मान | कसैलाई सम्मान गर्नु भनेको त्यस व्यक्ति बारे असल बोल्नु हो । कुनै व्यक्तिप्रति सद्व्यवहार गर्नु किनकि तपाईं त्यस व्यक्तिलाई आदर र मूल्यको ठान्नुहुन्छ । |

| | |
|---|---|
| आदरयोग्य | सद्व्यवहार गर्नु । यस प्रकारले जिउनु, जसद्वारा परमेश्वर र मानिसको आदर हुन्छ । असल र ठीक काम गर्ने व्यक्ति बन्ने । |
| मूर्ति | मानिसहरूले पूज्ने काठ, ढुङ्गा वा धातुबाट बनेको वस्तु नै मूर्ति हो । परमेश्वरको स्थानमा प्रेम गरिने कुनै व्यक्ति वा वस्तुको तस्विर पनि मूर्ति हो । मूर्ति एउटा झुटो ईश्वर हो । कुनै कुरो, जसलाई कुनै व्यक्तिले परमेश्वरलाई भन्दा बढी प्रेम गर्छ । |
| इस्राएल | यहूदीहरू बस्ने मुलुक । यहूदी जातिहरूलाई इस्राएली भनेर पनि पुकारिने गरिन्छ । तिनीहरू अब्राहाम, इसहाक र याकूबका सन्तान हुन् । |
| यहूदी | अब्राहाम, इसहाक र याकूबका र तिनीहरूका सन्तानबाट जन्मेको व्यक्तिलाई यहूदी भनिन्छ । व्यक्ति, जसले यहूदी धर्ममा आस्था राख्छ । |
| राज्य | राज्य त्यहीँ हुन्छ, जहाँ राजाले शासन गर्छन् । मुलुक, जहाँ राजाले शासन गर्छन् । यसै गरी परमेश्वरले पनि उहाँको राज्यमा शासन गर्नुहुन्छ । |
| व्यवस्था | मानिसहरूलाई जिउन सिकाउनको निम्ति शासकले बनाउने नियमहरू । परमेश्वरले इस्राएली जातिहरूका लागि भनेर मोशालाई दिनुभएका नियमहरू । |
| प्रभु | बाइबलमा भएको परमेश्वरको नाउँ प्रभु हो । यसको अर्थ उहाँ सबै थोकहरूभन्दा माथि र सबै थोकहरूमाथि शासन गर्ने हो । येशूको निम्ति प्रयोग हुने त्यो नाउँ, जब हामी उहाँप्रति आज्ञाकारी हुन्छौं । |
| अगमवक्ता | अगमवक्ताहरू ती व्यक्तिहरू थिए, जसले परमेश्वरले चाहनुभएका कुराहरू मानिसहरूलाई आएर बताउन सक्थे । अगमवक्ताहरूले धेरै लामो समयअघि परमेश्वरका सन्देशहरू बोले । तिनीहरूले भविष्यमा हुन गइरहेका घटनाहरू बारे बताउँथे । |
| उन्नति | उन्नति भनेको असल थोकहरूको उपभोग गर्नु हो । असल स्वास्थ्यमा रहनु वा धनी हुनु नै उन्नति गर्नु हो । जब मानिसहरूले हाम्रो बारे असल कुरा गर्छन्, त्यो हामीले उन्नति गरेको हो । हामीले अरू मानिसहरूदेखि दया पाउँदा हामीले उन्नति गरिरहेका हुन्छौं । |
| छुटकारा | हराएको वा खोसिएको अवस्थाबाट कुनै कुरालाई मोल तिरेर छुटाउनु । कुनै कुरालाई मोल तिरेर आफ्नो बनाउनु । |
| पश्चात्ताप | पश्चाताप गर्नु भनेको पापदेखि* पश्चात्ताप गर्नु हो । परमेश्वरले चाहनुभए अनुसार गर्नु । विगतमा गरेझैं अब उसो खराबी नगर्ने निर्णय गर्नु । |
| आदर | अरूलाई बड़ो मूल्यको ठानेर त्यसै प्रकारको व्यवहार गर्नु । |
| पुनरुत्थान | पुनरुत्थान भनेको मृत्युदेखि बौरिउठनु हो । पुनः जीवित हुनु । |
| धार्मिक | धर्मी हुनु परमेश्वरसँग ठीक सम्बन्धमा हुनु हो । धर्मी व्यक्तिहरू परमेश्वरसँगको सम्बन्धमा ठीक रहेका हुन्छन् । परमेश्वरले कुनै मानिसलाई आफूसितको सम्बन्धमा ठीक गराउनुहुँदा उहाँले त्यस व्यक्तिलाई शुद्ध देख्नुहुन्छ । धार्मिक व्यक्ति परमेश्वरको मित्र हो, उहाँको शत्रु होइन । |

| | |
|---|---|
| विश्राम दिन | विश्रामकै दिन परमेश्वरले आफ्ना सारा सृष्टिका कामहरूदेखि आराम गर्नुभएको थियो । विश्रामकै दिन परमेश्वरले यहूदीहरूलाई* कुनै कामकाज नगर्नू भनी भन्नुभएको थियो । यो विशेष दिनमा तिनीहरूले आराम गर्दै परमेश्वरको आराधना गर्थे । |
| बचाउनु/उद्धार | परमेश्वरले हामीलाई पापको* शक्ति र परिणामदेखि बचाइएपछि हाम्रो उद्धार हुन्छ । खराबीहरूदेखि बचाइनु वा उद्धार गरिनु । |
| शैतान | दुष्ट आत्माको अर्को नाउँ शैतान हो । पतित दूतहरूमध्ये शैतान सबैभन्दा खराब छ (स्वर्गदूत हेर्नुहोस्) |
| उद्धारकर्ता | येशू ख्रीष्ट उद्धारकर्ता हुनुहुन्छ । हामीले गरेका सबै खराब कामहरूको निम्ति हामीले भोग्नुपर्ने दण्डबाट बचाउने र हामीलाई परमेश्वरमा फर्काउने व्यक्ति । |
| पाप/पापमय | परमेश्वर वा अरू कुनै व्यक्ति विरुद्ध गलत कार्य गर्नु नै पाप हो । परमेश्वरले बनाउनुभएको नियमको उल्लङ्घन गर्नु पाप हो । परमेश्वरले चाहनुभए अनुसार नगर्नु पनि पाप हो । परमेश्वर वा अरू कुनै व्यक्ति विरुद्ध जब मानिसहरूले गलत कार्य गर्छन्, तिनीहरू पापी कहलाइन्छन् । सबै मानिसहरू पापी छन् किनकि तिनीहरू जन्मदैदेखि खराब इच्छाहरू लिएर जन्मेका हुन्छन् । |
| प्राण | प्राण एकजना व्यक्तिको त्यो हिस्सा हो, जसलाई हामी जीवित रहेको बेलामा हामीले देख्न सक्दैनौं र हामी मरिसकेपछि जिउँछ । परमेश्वरले आदम र हव्वाको नाकको प्वालबाट जीवनको श्वास फुकिदिनुहुँदा उहाँले तिनीहरूलाई त्यो प्राण दिनुभएको थियो । मानिसको त्यही प्राणलाई कहिलेकाहीँ मानिसको आत्मा* भनिन्छ । (आत्मा हेर्नुहोस) |
| आत्मा | आत्मा एक व्यक्ति हो, जसको शरीर हुँदैन र जसलाई कसैले देख्दैन । परमेश्वर आत्मा हुनुहुन्छ । परमेश्वरले अरू पनि आत्मिक व्यक्तित्वहरू सृजनुभयो (स्वर्गदूतहरू*), जसलाई हामी देख्दैनौं, जुन असल र खराब दुवै थरिका हुन सक्छन् । मानिसको प्राणलाई* पनि कहिलेकाहीँ आत्मा भन्ने गरिन्छ । (हेर्नुहोस् प्राण) |
| त्रिएकत्व | त्रिएकत्व त्यो शब्द हो, जसलाई हामी तीन व्यक्तिहरू तर एउटै परमेश्वरः परमेश्वर पिता, परमेश्वर पुत्र (येशू) र परमेश्वर पवित्र आत्माको८ बारे चर्चा गर्दा प्रयोग गर्छौं । |
| भरोसा | आफूलाई सत्य लागेको कुनै व्यक्ति वा वस्तुको पछि लाग्नुलाई नै भरोसा भन्निछ । विश्वास* हुनु र विश्वास* सित कार्य गर्नु । (हेर्नुहोस् विश्वास) |
| कुमारीत्व | कुमारी त्यो व्यक्ति हो, जसले कहिल्यै यौन सम्बन्ध राखेको छैन । |
| आराधना | परमेश्वर महान् हुनुहुन्छ र उहाँलाई हामी धेरै प्रेम गर्छौं भनी प्रकट गर्नु नै आराधना गर्नु हो । आराधना गर्नु उहाँलाई आदर* (हेर्नुहोस् आदर) गर्नु र धन्यवाद चढाउनु हो । उहाँसँग हुँदा हामीले गर्नुपर्ने यही हो । |

**यस पुस्तक यहाँबाट लिइएको होः**

www.clearandsimplemedia.org

**यो पुस्तकको विद्युतीय संस्करण पाउनको लागि, यहाँ जानुहोस्:**
www.asimpleword.org

**यो पुस्तक र अन्य यस्तै स्रोतहरूको बारेमा जान्न, यसमा सम्पर्क गर्नुहोस्:**
www.clearandsimplemedia.org

**अनुवादक:**
www.christian-translation.com